विधेयक सङ्ख्या :

# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

२०८०

संघीय संसद सचिवालय

संसद भवन

सिंहदरबार, काठमाडौं

# उद्देश्य र कारण

नेपालको संविधानको धारा ५१ मा राज्यका नीतिहरु सम्बन्धी व्यवस्था अन्तर्गत खण्ड (ज) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउँदै सक्षम, प्रतिष्पर्धी, नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेको छ । नेपालको संविधानको धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धी हकको संरक्षणको लागि आवश्यक पर्ने जनशक्ति स्वदेशमै अझ बढी उत्पादन गरी स्वास्थ्य सेवा तर्फको पहुँच वृद्धि गर्नु परेको छ । राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धी संघीय कानूनमा नेपाल सरकारले चिकित्सा शिक्षा अध्ययन अध्यापन गराउनको लागि चिकित्सा शिक्षा विश्वविद्यालय स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ । सोको सार्थकताको लागि तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापनद्वारा मानवस्रोत विकास गरी सर्वसाधारण जनतालाई सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पु¥याउन चिकित्सा शिक्षा तर्फ छुट्टै विश्वविद्यालय आवश्यक भएको छ।

चिकित्सा शिक्षाको अध्ययन अध्यापनमा गुणस्तरियता कायम गर्दै स्वदेशमै यसको अध्ययन अध्यापनको प्रभावकारितामा वृद्धि गरी देशका सबै क्षेत्रमा सन्तुलित रुपमा शैक्षिक जनशक्ति उत्पादन गरी नागरिकको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गरी सन्तुलित विकास, अवसरको वृद्धि र सुलभ रुपमा उपचार प्रदान गर्न आवश्यक व्यवस्थाको लागि सम्बन्धन दिन नपाउने गरी सरकारी विश्वविद्यालयको रुपमा “शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय” को स्थापना र सञ्चालन गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक संघीय संसदमा पेश गर्नु परेको हो ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि
मन्त्रालय

# आर्थिक टिप्पणी

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा विश्वविद्यालयको संगठन, पदाधिकारीको व्यवस्था गरिएको छ । विश्वविद्यालयको आफ्नै कोष हुने, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम, अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम, समकक्षता तथा स्तर निर्धारण गर्दा प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान रकम, अन्य स्रोतबाट प्राप्त रकम यस कोषमा रहने व्यवस्था गरिएको छ।

विश्वविद्यालयका भौतिक संरचनातर्फ मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिबाट साना ठूला गरी ५३ भौतिक संरचना निर्माण गरी सकिएको र यी भौतिक संरचनामा नै केन्द्रीय कार्यालय, शिक्षण अस्पताल सहितका प्राज्ञिक तथा स्वास्थ्य सेवा तर्फका कार्यक्रम सञ्चालन हुने भएकोले भौतिक संरचना निर्माणतर्फ थप दायित्व सिर्जना हुने देखिदैन । तथापि नयाँ संगठन संरचनाको स्थापना, शैक्षिक तथा भौतिक उपकरण र स्वास्थ्य तर्फका उपकरण खरिद सहितका प्रारम्भिक कार्यमा नेपाल सरकारलाई थप आर्थिक दायित्व पर्न जाने हुन्छ। तत्कालको लागि आर्थिक दायित्व पर्न जाने भए तापनि दीर्घकालमा विश्वविद्यालय र यसका संगठन संरचनाको आम्दानीबाट समग्र विश्वविद्यालय सहज, सरल र मितव्ययी रुपमा सञ्चालन हुन सक्ने देखिन्छ। विश्वविद्यालयले स्वास्थ्य उपचार र अनुसन्धानका माध्यमले आर्जन गर्ने आर्थिक उपार्जनले विश्वविद्यालय भविष्यमा प्रभावकारी रुपमा सञ्चालन हुने अपेक्षा गर्न सकिन्छ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(अशोक कुमार राई)
मन्त्री
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेका प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम रहेको छः-

| क्र स | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १ | २(छ) | तोकिए वा तोकिए बमोजिम भन्नाले विधायीकाले सोही बमोजिम पठाउनु पर्ने भएको। | तोकिएका विषयमा विश्वविद्यालय सभाबाट नियमावली, कार्यविधि वा मापदण्ड जारी हुनु पर्ने। | प्रत्यायोजित विधायनको माध्ययमबाट ऐनको प्रभावकारी कार्यान्वियन हुन जाने। |
| २ | ८(१२) | सभाको बैठकसम्बन्धी कार्यविधि निर्धारण गर्नु पर्ने भएको। | सभाको बैठक सम्बन्धी कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुने। | सभाको बैठक सहज रुपमा सञ्चालन हुन जाने। |
| ३ | १०(६) | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्नु पर्ने भएको। | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने । | प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण हुने। |
| ४ | १२(३) | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्नु पर्ने भएको। | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने। | कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण हुने। |
| ५ | १३(ण) | कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने। | कार्यकारी परिषद्को अन्य काम, कर्तव्य र अधिकार सभाबाट जारी हुने नियमावली बमोजिम हुने गरी व्यवस्था गर्ने। | ऐनको कार्यान्वयन गर्न सहज र सरल हुन जाने। |
| ६ | १४(५) | विद्या परिषद्को सदस्यको योग्यता आवश्यकता अनुसार निर्धारण हुने भएकोले तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने। | डीनको संयोजकत्वमा रहने विद्या परिषदमा रहने सदस्यको योग्यता नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी गर्न उपयुक्त हुने । | विद्या परिषदका सदस्यको योग्यता नियमावलीमा व्यवस्थित भई विद्या परिषदमा रहने सदस्यको छनोटमा एक रुपता कायम हुन जाने। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ७ | १४(६) | विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण गर्नु पर्ने। | विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने। | विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि निर्धारण हुने। |
| ८ | १६(२) | विद्या परिषदको काम कारवाहीलाई सहजीकरण गर्न गठन हुने विषय समितिको गठन, काम र कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने। | विषय समितिको गठन, काम र कर्तव्य सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण भए बमोजिम हुने। | विद्या परिषदको काम कारवाहीमा विषय समितिको कारण शैक्षिक गुणस्तर कायम हुन जाने। |
| ९ | १७(४) | विश्वविद्यालयको अनुसन्धान केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने । | विश्वविद्यालयको अनुसन्धान केन्द्रको सञ्चालन सम्बन्धी व्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने गरी व्यवस्था गर्ने । | अनुसन्धान केन्द्रबाट प्रभावकारी रुपमा कार्यसम्पादन हुन जाने। |
| १० | १८(२) | विश्वविद्यालयको स्कूल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने। | स्कूल सम्बन्धी अन्य व्यवस्था नियमावलीमा निर्धारण भए बमोजिम हुने । | स्कुलको स्थापना तथा सञ्चालन प्रभावकारी हुन जाने। |
| ११ | १९(२) | स्कूल मातहत रहने आङ्गिक शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | आङ्गिक शिक्षण संस्थाको स्थापना र सञ्चालन सम्बन्धी अन्य व्यवस्था नियमावलीबाट व्यवस्थित हुन जाने। | विश्वविद्यालयका आङ्गिक शिक्षण संस्थाको सञ्चालन व्यवस्थित हुन जाने। |
| १२ | २०(४) | विश्वविद्यालयको अभिन्न संस्थाको रुपमा रहने शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको। | विश्वविद्यालयको अभिन्न अङ्गको रुपमा रहने शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य नियमावलीमा व्यवस्था गर्नु पर्ने। | शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य प्रभावकारी हुन जाने। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १३ | २५(७) | विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि गठित सिफारिस समितिबाट उपकुलपतिको नियुक्ति सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने। | विश्वविद्यालयको उपकुलपति नियुक्तिको लागि गठित सिफारिस समितिबाट सिफारिस गर्दा अपनाउनु पर्ने अन्य कार्यविधि नियमावलीमा व्यवस्थित हुन जाने। | उपकुलपतिको नियुक्तिको लागि सिफारिससम्बन्धी कार्य थप व्यवस्थित हुन जाने। |
| १४ | ३१(ङ) | डीनको काम, कर्तव्य र अधिकार कार्यकारी परिषदबाट तोकिएका शिक्षण संस्थाको निरीक्षण सहितको कार्य गर्नु पर्ने। | डीनको काम, कर्तव्य र अधिकारमा कार्यकारी परिषदबाट तोकिएका शिक्षण संस्थाको निरीक्षण सम्बन्धी कार्य निर्धारण हुन जाने। | डीनको काम कारवाहीमा प्रभावकारिता हुन जाने। |
| १५ | ३२(४) | प्रिन्सिपलको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी गर्ने । | प्रिन्सिपलको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण गरी कार्य सञ्चालनमा प्रभावकारीकता हुने गरी व्यवस्था गर्ने। | प्रिन्सिपलको काम, कर्तव्य र अधिकारमा स्पष्टता आउने। |
| १६ | ३३(४) | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने गरी गर्ने । | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था नियमावलीमा निर्धारण गरी कार्य सञ्चालनमा प्रभावकारीता हुने गरी व्यवस्था गर्ने। | अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकारमा स्पष्टता आउने। |
| १७ | ३४ | विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका शर्त अर्थ मन्त्रालयको सहमतिमा तोकिए बमोजिम हुने गरी व्यवस्था गर्न पर्ने। | विश्वविद्यालयका उपकुलपति, रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकको पारिश्रमिक, सुविधा र सेवाका शर्त अर्थ मन्त्रालयको सहमतिमा नियमावलीमा निर्धारण हुन जाने। | विश्वविद्यालयका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधा निर्धारण हुन जाने। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| १८ | ३७ (७) | पदपूर्ति समितिद्वारा गठन हुने उपसमितिको काम र कर्तव्य त्यस्तो उपसमिति गठन गर्दाका बखत पदपूर्ति समितिले तोके बमोजिम हुने। | उपसमितिको काम र कर्तव्य त्यस्तो उपसमिति गठन गर्दाका बखत पदपूर्ति समितिले तोके बमोजिम हुने। | उपसमितिको काम र कर्तव्य प्रभावकारी हुन जाने। |
| १९ | ३७ (८) | विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको पदपूर्ति तथा बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने। | पदपूर्ति समितिद्वारा हुने विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको पदपूर्ति सम्बन्धी कार्य नियमावलीमा व्यवस्थित हुन जाने। | पदपूर्तिसम्बन्धी कार्य प्रभावकारी रुपमा हुन जाने। |
| २० | ३८ (३) | विश्वविद्यालयमा कुनै दाताले तोकिए बमोजिमको रकम बराबरको अक्षयकोष खडा गरी इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्न सक्ने व्यवस्था गर्नु पर्ने भएको । | नियमावलीमा निर्धारण गरिए बमोजिमको रकम कुनै दाताले अक्षय कोष खडा गरेमा इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्ने सम्बन्धी कार्य हुन जाने। | दाताले खडा गर्ने अक्षय कोषसम्बन्धी कार्य व्यवस्थित हुन जाने। |
| २१ | ३८ (४) | विश्वविद्यालयमा समर्पित भई विशिष्ट योगदान गरेका स्वदेशी वा विदेशी वरिष्ठ प्राध्यापकलाई तोकिए बमोजिमको प्रक्रियाबाट इमेरिट्स प्राध्यापकको रूपमा सम्मान प्रदान गर्न सक्ने। | विदेशी वरिष्ठ प्राध्यापकलाई नियमावलीमा निर्धारण भए बमोजिमको प्रक्रियाबाट इमेरिट्स प्राध्यापकको रूपमा सम्मान स्वरुप नियुक्त हुन जाने। | शैक्षिक गुणस्तर हासिल हुन जाने। |
| २२ | ३८(५) | विशिष्ट क्षमता राख्ने तथा अनुभव भएका स्वदेशी वा विदेशी विज्ञ वा विद्वानलाई तोकिए बमोजिमको प्रक्रिया पूरा गरी आगन्तुक प्राध्यापक | नियमावलीमा व्यवस्था भए बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपतिले आगन्तुक प्राध्यापक (भिजिटिङ प्रोफेसर) वा कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस) को | शैक्षिक गुणस्तर वृद्धि हुन जाने। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | (भिजिटिङ प्रोफेसर) वा कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस) को रूपमा नियुक्त गर्न सक्ने। | रूपमा नियुक्त गर्न सक्ने व्यवस्था गरिएको छ। | |
| २३ | ३८(९) | विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुने गरी व्यवस्था गर्नु पर्ने भएको । | विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त नियमावलीमा व्यवस्था भए बमोजिम गर्नु पर्ने भएको। | शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त निर्धारण हुन जाने। |
| २४ | ३९(२) | विश्वविद्यालयमा स्थायी रुपमा नियुक्त हुने शिक्षक तथा कर्मचारीको लागि निवृत्तभरण प्रणाली अन्तर्गत निवृतिभरण कोषमा आवद्ध गरी सुविधा उपलब्ध हुने गरी रकम तोक्नु पर्ने। | विश्वविद्यालयमा स्थायी रुपमा नियुक्त हुने शिक्षक तथा कर्मचारीको लागि निवृत्तभरण प्रणाली अन्तर्गत निवृतिभरण कोषमा आवद्ध हुने गरी नियमावलीमा व्यवस्था हुन जाने। | योगदान मुलक निवृत्तभरण प्रणाली लागू हुन जाने। |
| २५ | ४०(६) | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था नियमावलीमा व्यवस्था भए बमोजिम हुने। | विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी व्यवस्थामा प्रभावकारिता आउने। |
| २६ | ४१(२) | विश्वविद्यालयले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्ने। | विश्वविद्यालयको आन्तरिक नियन्त्रण प्रणाली नियमावलीमा निर्धारण हुन जाने। | आन्तरीक नियन्त्रण प्रणाली व्यवस्थित हुन जाने। |
| २७ | ४२(१) | विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्ने। | विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले नियमावलीमा व्यवस्था भए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गरिने। | उपाधि र प्रमाण पत्र प्रदान गरिने विषय व्यवस्थित हुन जाने। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| २८ | ४२(४) | विश्वविद्यालयको उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने। | विश्वविद्यालयको उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था नियमावलीमा व्यवस्था हुन जाने। | उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी व्यवस्था व्यवस्थित हुने। |
| २९ | ४३(२) | अध्ययन अनुसन्धान कार्यमा संलग्न हुनेलाई समेत रोयल्टीको केही हिस्सा दिन सकिने गरी नियमावलीमा व्यवस्था गर्ने । | रोयल्टीसमेत उपलब्ध हुन सक्ने अवस्था स्पष्ट रुपमा नियमावलीमा खुल्न जाने । | बौद्धिक सम्पत्तिको संरक्षण हुन जाने। |
| ३० | ४८(१) | यस ऐन बमोजिम छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले नेपाल सरकारले तोकेको अवधिसम्म तोकिएको स्थानमा काम गर्नु पर्ने। | छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले नेपाल सरकारले तोकेको अवधिसम्म नियमावलीमा तोकिए बमोजिमको स्थानमा काम गर्नु पर्ने कुरा सुनिश्चित हुन जाने। | छात्रवृत्ति प्राप्त गर्नेको दायित्व स्पष्ट हुन जाने। |
| ३१ | ४८(२) | छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले गर्नु पर्ने कबुलियतनामा र अन्य व्यवस्था तोकिए बमोजिम हुने। | छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले गर्नु पर्ने कबुलियतनामा र अन्य व्यवस्था नियमावलीमा निर्धारण हुन जाने। | कबुलियतनामा सम्बन्धी व्यवस्था र ढाँचा नियमावलीमा व्यवस्थित हुन जाने। |
| ३२ | ४९(२) | विश्वविद्यालयको काम कारवाहीका सम्बन्धमा गठित समिति, उपसमिति वा कार्यदलको कार्य क्षेत्र, कार्यशर्त तथा कार्यावधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्ने। | विश्वविद्यालयको काम कारवाहीका सम्बन्धमा गठित समिति, उपसमिति वा कार्यदलको कार्य क्षेत्र, कार्यशर्त तथा कार्यावधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्नेछ। | विश्वविद्यालयको काम कारवाहीमा प्रभावकारिता आउने। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | | | |
|---|---|---|---|---|
| ३३ | ५० | उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि तोकिए बमोजिमको ढाँचामा कुलपति समक्ष शपथ लिनु पर्ने। | उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि नियमावलीमा निर्धारित ढाँचामा सपथ लिने व्यवस्था कायम हुन जाने। | सपथको ढाँचा व्यवस्थित हुन जाने। |
| ३४ | ५५(१) | विश्वविद्यालयका काम कारबाही तथा प्राप्त उपलब्धिका विषयमा प्रत्येक पाँच पाँच वर्षमा हुने बाह्य मूल्याङ्कन सम्बन्धी विषयहरु तोकिए बमोजिम हुन जाने। | विश्वविद्यालयका काम कारबाही तथा प्राप्त उपलब्धिका विषयमा हुने बाह्य मूल्याङ्कन सम्बन्धी विषय सभाले व्यवस्था गरे बमोजिम हुन जाने। | वाह्य मूल्याङ्कन वस्तुनिष्ठ, प्रभावकारी र व्यवस्थित हुने। |
| ३५ | ६१ | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने। | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने। | काम कारवाहीमा सहजीकरण हुन जाने। |
| ३६ | ६२ | ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियम बनाउन सक्ने । | ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियम बनाउने। | ऐनको कार्यान्वयन सहज र प्रभावकारी हुने । |
| ३७ | ६३ | यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले आवश्यक विनियमहरू बनाउन सक्ने। | सभाले आवश्यक विनियमहरू बनाउने। | काम कारवाहीमा सहजीकरण हुन जाने। |

## शहीद दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शिर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८०" रहेको र यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौ दिनदेखी प्रारम्भ हुने व्यवस्था गरिएको छ। |
| २ | परिभाषा | प्रस्तुत ऐनमा पटक पटक दोहोरिएका अनुसन्धान केन्द्र अध्यापक, उपकुलपति, कुलपति, डीन, तोकिएको वा तोकिए बमोजिम, पदाधिकारी, सभा, मन्त्रालय, विश्वविद्यालय र सदस्य जस्ता शब्दहरुको परिभाषा गरिएको छ । |
| ३ | विश्वविद्यालयको स्थापना | स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी कार्य गर्न तथा सर्वसाधारणलाई सहजरुपमा विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विशिष्टिकृत विश्वविद्यालयको रूपमा स्थापना गरिएको छ भने विश्वविद्यालयको केन्द्रीय कार्यालय कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ५, गेटामा रहनेछ । |
| ४ | विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने | विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था तथा कानूनी व्यक्ति हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ५ | विश्वविद्यालयको सङ्गठन | विश्वविद्यालयको सङ्गठनात्मक संरचनामा सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, अनुसन्धान केन्द्र, स्कूल, शिक्षण संस्था र शिक्षण अस्पताल रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ६ | विश्वविद्यालयका पदाधिकारी | विश्वविद्यालयमा रहने पदाधिकारीमा कुलपति, सहकुलपति, उपकुलपति, रजिष्ट्रार, डीन, ,प्रिन्सिपल, अस्पताल निर्देशक सम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| ७ | सभाको गठन | विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा सभा रहेको छ। कुलपति सभाको अध्यक्ष हुने व्यवस्था गरिएको छ । सभामा सहकुलपति, मुख्यमन्त्री सुदुरपश्चिम प्रदेश, विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष, उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग, उपकुलपति, स्वास्थ्य विज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अन्य विश्वविद्यालयका उपकुलपति मध्येबाट सभाले मनोनीत गरेको एक जना, सचिव, मन्त्रालय, सचिव, नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको स्थानीय तहको प्रमुख, स्वास्थ्य विज्ञानको क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्तिमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा कम्तीमा तीन जना महिला सहित सभाबाट मनोनीत छ जना, विज्ञान तथा प्रविधि, व्यवस्थापन, कानून, शिक्षा, समाजशास्त्र, मानवशास्त्रका विज्ञमध्ये सभाबाट मनोनीत एक जना, विश्वविद्यालयलाई सहयोग उपलब्ध गराउने दातामध्येबाट उपकुलपतिको सिफारिसमा सभाबाट मनोनीत एक जना तथा रजिष्ट्रार सम्मिलित १९ सदस्यीय सभाको व्यवस्था गरिएको छ । |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| ८ | सभाको बैठक | सभाको परिषद्को बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक बस्नु पर्ने, बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्ने तथा कम्तीमा तीन दिनअगावै सोको बैठकमा छलफल हुने विषयको प्रस्तावको कार्यसूचीसहितको सूचना परिषद्को सदस्य-सचिवले सबै सदस्यलाई दिनु पर्ने, गणपूरक सख्या, बहुमतको निर्णय मान्य हुने तथा आमन्त्रितलाई मताधिकार नहुने व्यवस्था यस दफामा गरिएको छ । |
| ९ | सभाको काम, कर्तव्य र अधिकार | अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त विश्वविद्यालयको नीति, नियम, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने, विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्ने, विश्वविद्यालय र मातहतका सङ्गठनको सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने, विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण र प्रदान गर्ने सहितका विश्वविद्यालयको नीतिगत कार्य सभाबाट हुने व्यवस्था गरिएको छ । विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा रहने गरी यसको व्यवस्था गरिएको छ। |
| १० | प्राज्ञिक परिद्को गठन | विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यलाई व्यवस्थित गर्ने निकायको रूपमा काम गर्न प्राज्ञिक परिषद् रहने र यसमा उपकुलपतिको अध्यक्षतामा नौ सदस्य हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ११ | प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यलाई व्यवस्थित र गुणस्तरयुक्त बनाउने, विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारणका सम्बन्धमा कार्यकारी परिषद्लाई परामर्श दिने, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सिफारिस गर्ने सहितका कार्य प्राज्ञिक परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ । |
| १२ | कार्यकारी परिषद् | विश्वविद्यालयको कार्यकारी निकायको रूपमा काम गर्न उपकुलपति अध्यक्ष हुने गरी पाँच सदस्य रहेको कार्यकारी परिषद् रहने, यसको बैठकसम्बन्धी कार्यविधि कार्यकारी परिषदबाट निर्धारण भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १३ | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार | कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारमा सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयको लागि आवश्यक पर्ने नियम तथा विनियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने, विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने सहितका व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| १४ | विद्या परिषद् | स्कूलको प्राज्ञिक निकायको रूपमा काम गर्न डीनको संयोजकत्वमा एक विद्या परिषद् रहने, विद्या परिषद्मा कम्तीमा एक जना महिलासहित बढीमा पाँच जना सदस्य रहने , विद्या परिषद्को सदस्यको मनोनयन डीनले गर्ने तथा सदस्यको पदावधि दुई वर्षको हुने र निजलाई अर्को एक कार्यकालको लागि पुनः मनोनयन गर्न सकिने, विद्या परिषद्को सदस्यको योग्यता तोकिए बमोजिम हुने तथा विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १५ | विद्या परिषद्को काम, कर्तव्य र अधिकार | प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनौटको आधार र प्रक्रिया तथा सिट सङ्ख्या तोक्ने, मानार्थ उपाधि कायम गर्न, थपघट वा हेरफेर गर्न वा खारेज गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने, विषय समितिको राय लिई स्कूलसँग सम्बन्धित विषयको पाठ्यक्रम निर्धारण, अनुमोदन तथा संशोधन गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने, स्कूलको शैक्षिक कार्यक्रमसँग सम्बन्धित परीक्षाको किसिम तोक्न, हेरफेर गर्न, परीक्षा सम्बन्धी शर्त र अन्य व्यवस्थाका लागि सिफारिस गर्ने सहितका कार्य विद्या परिषद्को हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १६ | विषय समिति | विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन आवश्यक संख्यामा विषय समिति रहने तथा विषय समितिको गठन, काम र कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १७ | अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन | विश्वविद्यालयले आफ्नो विषय क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालन गर्ने, अनुसन्धान केन्द्रले समुदायमा रहेका विशेष प्रकृतिका रोगका सम्बन्धमा अध्ययन, अनुसन्धान गरी निरोधात्मक र उपचारात्मक प्रविधिको विकास गर्ने, विश्वविद्यालयले सरकारी, सहकारी, निजी क्षेत्र वा स्थानीय समुदायसँगको समन्वय वा सहकार्यमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्न सक्ने तथा अनुसन्धान केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १८ | स्कूल | विश्वविद्यालयमा अध्ययन, अध्यापन र स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विश्वविद्यालयको केन्द्रीय कार्यालय रहने स्थानमा स्कूल अफ हेल्थ साइन्सेज स्थापना र सञ्चालन हुने, स्कूल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| १९ | शिक्षण संस्था | स्कूल मातहत रहने गरी आङ्गिक शिक्षण संस्थाको स्थापना र सञ्चालन गर्न सकिने तथा शिक्षण संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| २० | शिक्षण अस्पताल | विश्वविद्यालयले सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि शिक्षण संस्थाको अभिन्न अङ्गको रूपमा शिक्षण अस्पतालको स्थापना र सञ्चालन गर्ने, विश्वविद्यालयले नेपाल सरकार वा प्रदेश सरकारको अनुमति लिई नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी त्यस्तो अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो अस्पताललाई शिक्षण अस्पतालको रूपमा उपयोग गर्न सक्ने तथा समुदायमा रहेका विशेष प्रकृतिका रोगको सम्बन्धमा निरोधात्मक र उपचारात्मक सेवा सञ्चालन गर्ने, शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २१ | कुलपति | प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुने, कुलपति विश्वविद्यालयको प्रमुख हुने, विश्वविद्यालयको दीक्षान्त समारोहको अध्यक्षता कुलपतिले गर्ने, कुलपतिले आवश्यता अनुसार निर्देशन दिने सहितका कार्य कुलपतिको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २२ | सहकुलपति | नेपाल सरकारशो शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री सहकुलपति हुने, सहकुलपतिले विश्वविद्यालयको निरीक्षण गर्न, गराउन र आवश्यकता अनुसार निर्देशनसमेत सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| २३ | उपकुलपति | विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्यसम्पादन गर्न विश्वविद्यालयमा एकजना उपकुलपति रहने, दफा २५ बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपति नियुक्त हुने तथा निजको पदावधि चार वर्षको हुने र अर्को कार्यकालको लागि पुनः नियुक्त हुन सक्ने, उपकुलपतिको अनुपस्थितिमा कुलपतिले व्यवस्था गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २४ | उपकुलपतिको योग्यता | मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षासँग सम्बन्धित कुनै विधा (हेल्थ प्रोफेसनल एजुकेशन) मा विद्यावारिधि उपाधि प्राप्त गरेको, कुनै विश्वविद्यालयको प्राध्यापक पदमा रही कम्तीमा दश वर्ष काम गरेको, शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय कुशलता, नेतृत्व गर्ने क्षमता, सीप र कौशल प्रदर्शन गरेको, प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना सफलतापूर्वक सम्पन्न गरेको,राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको जर्नलमा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन गरेको, पैंतीस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत एकसट्ठी वर्ष ननाघेको, उच्च नैतिक चरित्र भएको व्यक्ति उपकुलपति हुन सक्ने व्यवस्था यस दफामा गरिएको छ । |
| २५ | सिफारिस समिति | उपकुलपति नियुक्तिको लागि सभाले सभाबाट मनोनीत सभाको सदस्यको संयोजकत्वमा प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयको पूर्व उपकुलपति वा पूर्व अध्यक्ष वा ख्यातिप्राप्त प्राध्यापक मध्येबाट सभाले मनोनीत गरेको एक जना र स्वास्थ्य विज्ञान क्षेत्रका विज्ञमध्येबाट सभाले मनोनीत गरेको एक जना सदस्य रहने गरी तीन सदस्यीय सिफारिस समिति गठन गर्ने, सिफारिस समिति |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | गठन गर्दा संयोजक वा सदस्यमध्ये कम्तीमा एक जना महिला रहने गरी गठन गर्नु पर्ने, सिफारिस समितिले उपकुलपति पदको लागि योग्यता पुगेको स्वदेशी वा विदेशी व्यक्तिले दरखास्त दिने प्रयोजनको लागि सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्ने , प्रकाशित सूचना बमोजिम दरखास्त पेस गरेका उम्मेदवारहरूमध्ये सिफारिस समितिले बढीमा सात र कम्तीमा तीनजना योग्य उम्मेदवारको संक्षिप्त सूची तयार गरी त्यस्ता उम्मेदवारलाई अन्तर्वार्ता र प्रस्तुतिको लागि आमन्त्रण गर्नु पर्ने , सिफारिस समितिले आफ्नो काम प्रारम्भ गरेको मितिले साठी दिनभित्र सबैभन्दा योग्य दुई जना उम्मेदवारको नाम उपकुलपतिको पदमा नियुक्तिको लागि सभामा सिफारिस गर्ने र सिफारिस भई आएको व्यक्ति मध्येबाट एक जना व्यक्तिलाई सभाले तीस दिनभित्र उपकुलपति पदमा नियुक्त गर्नु पर्ने तथा उपकुलपतिको नियुक्ति सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २६ | उपकुलपतिको काम, कर्तव्य र अधिकार | सभा तथा कार्यकारी परिषदको निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयका सबै काम कारबाही उपर सामान्य नियन्त्रण र रेखदेख गर्ने, विश्वविद्यालयको काम कारबाहीमा आफ्नो अधिकार क्षेत्र भित्र रहेको विषयमा निर्देशन दिने तथा परिषद्को निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयका सबै काम कारवाहीउपर नियन्त्रण र रेखदेख गर्ने सहितका काम, कर्तव्य र अधिकार उपकुलपतिको हुने व्यवस्था यस दफामा गरिएको छ । |
| २७ | रजिष्ट्रार | विश्वविद्यालयमा एकजना रजिष्ट्रार रहने तथा निजको नियुक्ति दफा २८ बमोजिम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट उपकुलपतिले सिफारिस गरेका व्यक्तिहरु मध्येबाट सभाले नियुक्त गर्ने, निजको पदावधि चार वर्षको हुने तथा निज पूरा समय काम गर्ने पदाधिकारी हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २८ | रजिष्ट्रारको योग्यता | मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको, उच्च शिक्षामा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा स्वास्थ्य सेवाको कार्यकारी प्रशासकको पदमा वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद वा सोभन्दा माथिको पदमा कम्तीमा पाँच वर्ष कार्य अनुभव हासिल गरेको, शैक्षिक, प्राज्ञिक उन्नयन वा प्रशासनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको, प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको, पैंतीस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत एकसठ्ठी वर्ष उमेर ननाघेको, उच्च नैतिक चरित्र भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुने व्यवस्था यस दफामा गरिएको छ। |
| २९ | रजिष्ट्रारको काम, कर्तव्य र अधिकार | विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने, विश्वविद्यालयको कोष सञ्चालन,लेखा र लेखा परीक्षण गर्ने वा गराउने, आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने, विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने, |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन,संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,विश्वविद्यालयको आर्थिक आयव्ययको अनुमान तयार गर्ने वा गराउने सहितका काम, कर्तव्य र अधिकार रजिष्ट्रारको हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३० | डीन | विश्वविद्यालयको स्कूल प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा डीन रहने, सम्बन्धित विधामा विद्यावारिधि उपाधी प्राप्त गरेको र प्राध्यापक पदमा रही कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई कार्यकारी परिषद्को सिफारिसमा उपकुलपतिले डीन नियुक्त गर्ने तथा डीनको पदावधि चार वर्षको हुने र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिने व्यवस्था यस दफामा गरिएको छ। |
| ३१ | डीनको काम, कर्तव्य र अधिकार | यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त डीनको काम,कर्तव्य र अधिकार स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने, विश्वविद्यालय अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको विकासका लागि आवश्यक पर्ने कार्य गर्ने वा गराउने, शिक्षण संस्थामा सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने वा गराउने सहितका काम,कर्तव्य र अधिकार यस दफामा व्यवस्था गरिएको छ। |
| ३२ | प्रिन्सिपल | शिक्षण संस्थाको प्रमुखका रुपमा काम गर्नको लागि कम्तीमा सहप्राध्यापक वा सो सरहको शिक्षकलाई डीनको सिफारिसमा उपकुलपतिले प्रिन्सिपल नियुक्ति गर्ने, प्रिन्सिपल सम्बन्धित शिक्षण संस्थाको पूरा समय काम गर्ने पदाधिकारी हुने, प्रिन्सिपलको पदावधि चार वर्षका लागि हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिने तथा प्रिन्सिपलको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ । |
| ३३ | अस्पताल निर्देशक | शिक्षण अस्पतालको प्रमुखको रुपमा काम गर्नको लागि चिकित्सा शिक्षामा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पाँच वर्ष कार्य अनुभव भएको चिकित्सकलाई डीनको सिफारिसमा उपकुलपतिले अस्पताल निर्देशकको नियुक्ति गर्ने, अस्पताल निर्देशक शिक्षण अस्पतालको पूरा समय काम गर्ने पदाधिकारी हुने तथा अस्पताल निर्देशकको पदावधि चार वर्षका लागि हुने र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिने र निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने व्यवस्था यस दफामा रहेका छन्। |
| ३४ | पदाधिकारीको पारिश्रमिक, सुविधा र सेवाको शर्त | उपकुलपति, रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकको पारिश्रमिक,सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ३५ | उपकुलपति पदमुक्त हुने अवस्था | उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल |

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| | | कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले एक्काइस दिनभित्र विश्वविद्यालय अनुदान आयोगको अध्यक्षको अध्यक्षतामा मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगको निर्देशक रहेको तीन सदस्यीय एक छानबिन समिति गठन हुने, छानबिन समिति गठन भएपछि सभाबाट निर्णय नभएसम्म त्यस्तो उपकुलपति आफ्नो पदबाट स्वत: निलम्बन हुने तथा चार महिना एक्काइस दिनभित्र समग्र प्रक्रिया टुङ्गाइसक्नु पर्ने ।<br><br>सभाको बैठकमा बहुमत सदस्यले उपकुलपतिलाई पदबाट हटाउने प्रस्ताव पारित गरेमा कुलपतिले त्यस्तो उपकुलपतिलाई पदबाट हटाउने तथा उपकुलपति निलम्बन भएको अवस्थामा सो अवधिभर कार्य सञ्चालन गर्न कुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ३६ | रजिष्ट्रार, डीन, प्रिन्सिपल र अस्पताल निर्देशक पदमुक्त हुने अवस्था | रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको,पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले प्रमाण सहित उपकुलपति समक्ष निवेदन दिन सक्ने, त्यसरी निवेदन उपकुलपतिले कार्यकारी परिषद्मा पेस गर्ने र त्यसरी पेस भएको निवेदन उपर छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्ले सो परिषद्को कुनै सदस्यको अध्यक्ष र अन्य दुई जना विषय विज्ञ रहेको एक छानबिन समिति गठन गर्न भई निजलाई पदबाट हटाउन कार्यकारी परिषद्मा सिफारिस गरेमा कार्यकारी परिषद्ले त्यस्तो रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउने तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। यसबाट आन्तरिक सुव्यवस्था कायम हुन जाने हुन्छ। |
| ३७ | पदपूर्ति समिति | विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा गर्ने प्रयोजनका लागि एक पदपूर्ति समिति रहने। पदपूर्ति समितिमा सभाका सदस्यमध्ये सभाबाट मनोनित व्यक्ति संयोजक रहने र लोक सेवा आयोगको कम्तिमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत सदस्य र रजिष्ट्रार सदस्य सचिव रहने व्यवस्था रहेको छ। पदपूर्ति समितिको पदावधि चार वर्षको हुने व्यवस्था गरिएको छ। |
| ३८ | विश्वविद्यालयका शिक्षक तथा कर्मचारी | विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहने, शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा दफा ३७ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा हुने, विश्वविद्यालयलाई थप आर्थिक भार नपर्ने गरी कुनै दाताले विश्वविद्यालयको नाममा तोकिए बमोजिमको रकम बराबरको अक्षयकोष खडा गरी कुनै विधा विशेषमा ख्याति प्राप्त स्वदेशी वा विदेशी विशिष्ट विद्वानलाई विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा योगदान गराउन चाहेमा सभाको सहमति लिई उपकुलपतिले त्यस्ता व्यक्तिलाई दाता वा दाताले इच्छाएको व्यक्तिको नाम जोडिएको इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्न सक्ने सहितका व्यवस्था यस दफामा गरिएका छन्। |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| ३९ | योगदानमा आधारित निवृत्तभरण | विश्वविद्यालयमा स्थायी नियुक्ति हुने शिक्षक तथा कर्मचारी अवकास हुँदा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली बमोजिमको निवृत्तभरण प्रणाली लागू हुने तथा योगदानमा आधारित निवृत्तभरण प्रणाली अन्तर्गत निवृतिभरण कोषमा शिक्षक तथा कर्मचारीले गर्नुपर्ने योगदान र विश्वविद्यालयले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४० | विश्वविद्यालयको कोष | विश्वविद्यालयको एउटा छुट्टै कोष हुने, कोषमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम, अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम, समकक्षता तथा स्तर निर्धारण गर्दा प्राप्त रकम, स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान रकम, अन्य स्रोतबाट प्राप्त रकम रहने र विश्वविद्यालयको सम्पूर्ण खर्च यसै कोषबाट व्यहोरिने व्यवस्था गरिएको छ। नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकारको अर्थ मन्त्रालयबाट सहमति लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४१ | लेखा र लेखापरीक्षण | विश्वविद्यालयले आफ्नो आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली अनुसार राख्नु पर्ने तथा विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४२ | उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण | विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई नियमावलीमा तोकिए बमोजिमको प्रमाणपत्र र उपाधि प्रदान गर्ने तथा प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४३ | बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार | विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहने व्यवस्था यस दफामा गरिएको छ। |
| ४४ | सम्बन्धन वा स्वीकृति नदिने | विश्वविद्यालयले आफ्नो आङ्गिक शिक्षण संस्था बाहेक अन्य कुनै शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४५ | विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिने | विश्वविद्यालयमा उल्लेखनीय योगदान पुर्‍याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई शिक्षक वा अनुसन्धानकर्ताको पदमा नियुक्ति गर्न सकिने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ४६ | समावेशी सिद्धान्त अवलम्बन गर्नु पर्ने | यस ऐन बमोजिम सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद् तथा विषयगत समितिमा सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्त अवलम्बन गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ४७ | सिट सङ्ख्या निर्धारण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षा अध्ययनको सिट सङ्ख्या निर्धारण, प्रवेश परीक्षा, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति सम्बन्धी व्यवस्था प्रचलित चिकित्सा शिक्षा सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४८ | काम गर्नु पर्ने | यस ऐन बमोजिम छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले नेपाल सरकारले तोकेको अवधिसम्म तोकिएको स्थानमा काम गर्नु पर्ने तथा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले गर्नु पर्ने कबुलियतनामा र अन्य व्यवस्था तोकिए बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ४९ | समिति गठन गर्न सक्ने | विश्वविद्यालयको कामका सन्दर्भमा विश्वविद्यालयका सङ्गठनले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्ने तथा त्यस्तो समिति, उपसमिति वा कार्यदलको कार्य क्षेत्र, कार्यशर्त तथा कार्यविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५० | शपथ लिनु पर्ने | उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि<br>तोकिए बमोजिमको ढाँचामा कुलपति समक्ष शपथ लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५१ | पूर्व स्वीकृति लिनु पर्ने | विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा पारिश्रमिक वा कुनै सेवा सुविधा थप गर्नुअघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५२ | स्वार्थको द्वन्द (कन्फ्लिक्ट अफ इन्ट्रेष्ट) भएमा काम कारबाही गर्न नहुने | यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो विषयमा निर्णय गर्न हुँदैन भनी स्पष्ट रुपमा स्वार्थको द्वन्दसम्बन्धी व्यवस्था यस दफामा गरिएको छ। |
| ५३ | काम कारबाही बदर नहुने | कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भएको वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन बदर वा अयोग्य भएको कारणले मात्र त्यस्तो सदस्य वा पदाधिकारी संलग्न भई गरेको कुनै काम कारबाही बदर हुने छैन भन्ने व्यवस्था यस दफामा गरिएको छ। |

| | | |
|---|---|---|
| ५४ | वार्षिक प्रतिवेदन | विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमार्फत् नेपाल सरकार समक्ष पेस गर्नु पर्ने तथा यस्तो प्रतिवेदनमा विश्वविद्यालयले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण, विश्वविद्यालयको उपलब्धि र चुनौती लगायतका कुरा उल्लेख गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५५ | बाह्य मूल्याङ्कन गरिने | विश्वविद्यालयले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि लगायतका विषयमा नियमावलीमा व्यवस्था भए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५६ | निरीक्षण र जाँचबुझ गराउन सक्ने | वार्षिक प्रतिवेदन र बाह्य मूल्याङ्कन प्रतिवेदनको आधारमा विश्वविद्यालयको काम कारबाही वा प्रगति सन्तोषजनक नदेखिएमा मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगका अध्यक्षको संयोजकत्वमा निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न वा गराउन सक्ने व्यवस्था यस दफामा व्यवस्था गरिएको छ । |
| ५७ | अधिकार प्रत्यायोजन | सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ भने प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ५८ | नेपाल सरकारसँग सम्पर्क | विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ । |
| ५९ | विघटन हुँदाको परिणाम | कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्ने र विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको चल, अचल सम्पत्ति र दायित्व नेपाल सरकारको हुने व्यवस्था यस दफामा गरिएको छ। |
| ६० | ऐन कार्यान्वयन मापन | यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६१ | मापदण्ड लागू गर्न सक्ने | विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्ने व्यवस्था यस दफामा गरिएको छ। |

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

| | | |
|---|---|---|
| ६२ | नियम बनाउने अधिकार | यस ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियम बनाउन सक्ने र नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६३ | विनियम बनाउन सक्ने | यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्ने तथा यस्तो विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था यस दफामा गरिएको छ। |
| ६४ | खारेजी र बचाउ | मेडिकल कलेज पूर्वाधार निर्माण विकास सिमित (गठन) आदेश,२०७१ खारेज गरिएको छ भने यो प्रारम्भ भएपछि मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व विश्वविद्यालयमा सर्ने तथा यस ऐन बमोजिम विश्वविद्यालयका पदाधिकारी नियुक्त भई विश्वविद्यालयको कार्यक्रम सञ्चालनमा नआएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको स्वास्थ्य सेवाको निरन्तरता तथा जनशक्तिका सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुने व्यवस्था यस दफामा गरिएको छ। |

# शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन अध्यापनद्वारा मानवस्रोत विकास गरी सर्वसाधारण जनतालाई सहज, सुलभ र विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन तथा स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन, अनुसन्धान र नवप्रवर्तनका माध्यमले मुलुकको समृद्धिमा योगदान पुऱ्याउन शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुसन्धान केन्द्र" भन्नाले दफा १७ बमोजिम स्थापना भएको अनुसन्धान केन्द्र सम्झनु पर्छ ।

(ख) "अस्पताल निर्देशक" भन्नाले दफा ३३ बमोजिम नियुक्त अस्पतालको निर्देशक सम्झनु पर्छ ।

(ग) "उपकुलपति" भन्नाले दफा २३ बमोजिम नियुक्त उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १२ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ ।

(ङ) "कुलपति" भन्नाले दफा २१ बमोजिमको कुलपति सम्झनु पर्छ ।

(च) "डीन" भन्नाले दफा ३० बमोजिम नियुक्त डीन सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "पदाधिकारी" भन्नाले दफा ६ बमोजिमका पदाधिकारी सम्झनु पर्छ ।

(झ) "प्रिन्सिपल" भन्नाले दफा ३२ बमोजिम नियुक्त शिक्षण संस्थाको प्रमुख सम्झनु पर्छ ।

(ञ) "प्राज्ञिक परिषद्" भन्नाले दफा १० बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ ।

(ट) "मन्त्रालय" भन्नाले नेपाल सरकारको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ठ) "रजिष्ट्रार" भन्नाले दफा २७ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(ड) "विद्या परिषद्" भन्नाले दफा १४ बमोजिमको विद्या परिषद् सम्झनु पर्छ।

(ढ) "विश्वविद्यालय" भन्नाले दफा ३ बमोजिम स्थापित शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्झनु पर्छ ।

(ण) "विषय समिति" भन्नाले दफा १६ बमोजिमको विषय समिति सम्झनु पर्छ।

(त) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षा प्रदान गर्ने वा अनुसन्धान गर्ने प्राध्यापक, सहप्राध्यापक तथा उपप्राध्यापक सम्झनु पर्छ र सो शब्दले विश्वविद्यालयको अनुसन्धानकर्तालाई समेत जनाउँछ।

(थ) "शिक्षण अस्पताल" भन्नाले दफा २० बमोजिम स्थापना भएको शिक्षण अस्पताल सम्झनु पर्छ।

(द) "शिक्षण संस्था" भन्नाले दफा १९ बमोजिम स्थापना भएको शिक्षण संस्था सम्झनु पर्छ।

(ध) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(न) "सहकुलपति" भन्नाले दफा २२ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

(प) "स्कूल" भन्नाले दफा १८ बमोजिम स्थापना भएको स्कूल अफ हेल्थ साइन्सेज सम्झनु पर्छ ।

(फ) "स्वास्थ्य विज्ञान" भन्नाले आधुनिक वैज्ञानिक चिकित्सासँग सम्बन्धित उपचारात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापना सेवा सम्बन्धी विषयमा स्नातक वा सो भन्दा माथिको तहका शैक्षिक कार्यक्रम वा विधा सम्झनु पर्छ।

## परिच्छेद-२

## विश्वविद्यालयको स्थापना

३. **विश्वविद्यालयको स्थापना**: (१) स्वास्थ्य विज्ञानको क्षेत्रमा गुणस्तरीय अध्ययन, अध्यापन, अनुसन्धान र नवप्रवर्तन सम्बन्धी कार्य गर्न तथा सर्वसाधारणलाई सहजरुपमा विशेषज्ञ सहितको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न विशिष्टिकृत विश्वविद्यालयको रूपमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयको स्थापना गरिएको छ।

(२) विश्वविद्यालयलाई अङ्ग्रेजीमा मार्टियर दशरथ चन्द युनिभर्सिटी अफ हेल्थ साइन्स भनिनेछ।

(३) विश्वविद्यालयको केन्द्रीय कार्यालय कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. ५, गेटामा रहनेछ।

४. **विश्वविद्यालय स्वशासित र सङ्गठित संस्था हुने**: (१) विश्वविद्यालय अविच्छिन्न उत्तराधिकारवाला स्वशासित सङ्गठित संस्था हुनेछ र यसले कानूनी व्यक्तित्व प्राप्त गर्नेछ।

(२) विश्वविद्यालयले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानून बमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

## परिच्छेद-३

## विश्वविद्यालयको सङ्गठनात्मक संरचना तथा पदाधिकारी

**५.** **विश्वविद्यालयको सङ्गठन**: विश्वविद्यालयको सङ्गठनात्मक संरचना देहाय बमोजिम हुनेछ र त्यस्ता सङ्गठनको सामूहिक रूप नै विश्वविद्यालयको स्वरूप हुनेछः-

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) अनुसन्धान केन्द्र,

(ङ) स्कूल,

(च) शिक्षण संस्था,

(छ) शिक्षण अस्पताल।

**६.** **विश्वविद्यालयका पदाधिकारी**: विश्वविद्यालयमा देहायका पदाधिकारी रहनेछन्ः-

(क) कुलपति,
(ख) सहकुलपति,
(ग) उपकुलपति,
(घ) रजिष्ट्रार,
(ङ) डीन,
(च) प्रिन्सिपल,
(छ) अस्पताल निर्देशक।

## परिच्छेद-४

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

**७.** **सभाको गठन**: (१) विश्वविद्यालयको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | कुलपति | -अध्यक्ष |
| (ख) | सहकुलपति | -उपाध्यक्ष |
| (ग) | मुख्यमन्त्री, सुदुरपश्चिम प्रदेश सरकार | -सदस्य |
| (घ) | अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग | -सदस्य |
| (ङ) | उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग | -सदस्य |
| (च) | उपकुलपति | -सदस्य |
| (छ) | स्वास्थ्य विज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अन्य विश्वविद्यालयका उपकुलपति मध्येबाट सभाले मनोनीत गरेको एक जना | -सदस्य |

| | | |
|---|---|---|
| (ज) | सचिव, मन्त्रालय | -सदस्य |
| (झ) | सचिव, नेपाल सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | -सदस्य |
| (ञ) | विश्वविद्यालयको केन्द्रीय कार्यालय रहेको स्थानीय तहको प्रमुख | -सदस्य |
| (ट) | स्वास्थ्य विज्ञानको क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्तिमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा कम्तीमा तीन जना महिला सहित सभाबाट मनोनीत छ जना | -सदस्य |
| (ठ) | विज्ञान तथा प्रविधि, व्यवस्थापन, कानून, शिक्षा, समाजशास्त्र, मानवशास्त्रका विज्ञमध्ये सभाबाट मनोनीत एक जना | -सदस्य |
| (ड) | विश्वविद्यालयलाई सहयोग उपलब्ध गराउने दातामध्येबाट उपकुलपतिको सिफारिसमा सभाबाट मनोनीत एक जना | -सदस्य |
| (ढ) | रजिष्ट्रार | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (ट), (ठ) र (ड) बमोजिमका मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले जिम्मेवारीपूर्वक कार्य नगरेमा वा निजको कार्य सम्पादन सन्तोषजनक नदेखिएमा त्यस्तो सदस्यलाई सभाले सो पदबाट हटाउन सक्नेछ ।

तर, त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

(५) उपदफा (२) को खण्ड (ट), (ठ) र (ड) बमोजिम मनोनीत सदस्यको योग्यता देहाय बमोजिम हुनेछः-

(क) पैंतीस वर्ष उमेर पूरा भएको,

(ख) उपदफा (२) को खण्ड (ट) र (ठ) बमोजिमका मनोनीत सदस्यको हकमा मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण वा ओसार पसार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ङ) उच्च नैतिक चरित्र भएको ।

(६) उपदफा (२) को खण्ड (ट), (ठ) र (ड) बमोजिम मनोनीत कुनै सदस्यको पद रिक्त हुन गएमा त्यस्तो सदस्य जुन प्रक्रियाबाट मनोनयन भएको हो सोही प्रक्रियाबाट उक्त रिक्त पदमा मनोनयन गर्नु पर्नेछ ।

(७) उपदफा (२) को खण्ड (ट), (ठ) र (ड) बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनुभन्दा तीन महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

८. **<u>सभाको बैठकः</u>** (१) सभाको बैठक प्रत्येक चार महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) सभाको बैठक सभाको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सभाको बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सभाको सदस्य-सचिवले सबै सदस्यलाई उपलब्ध गराउनु पर्नेछ।

(४) सभामा तत्काल कायम रहेका बहुमत सदस्यको उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "सदस्य" भन्नाले सभाको अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

(५) उपदफा (४) बमोजिम बैठकमा गणपूरक सङ्ख्या नपुगेमा सात दिनको समय दिई दोस्रो पटक बैठक बोलाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बोलाइएको बैठकमा गणपूरक सङ्ख्या नपुगेमा पुनः तीन दिनको समय दिई तेस्रो पटक बैठक बोलाउनु पर्नेछ। त्यसरी बोलाइएको बैठकमा जति जना सदस्य उपस्थित भए पनि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(७ ख्यातिप्राप्त विद्वान, विषय विज्ञ, विश्वविद्यालयमा कार्यरत प्राध्यापक वा विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी प्रतिनिधिलाई सभाको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(८) सभाको बैठकको अध्यक्षता सभाको अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा सभाको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(९) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(१०) सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्ति र सदस्य-सचिवले प्रमाणित गर्नु पर्नेछ।

(११) सभाको अध्यक्षको स्वीकृतिमा सञ्चार प्रविधिको प्रयोग गरी सभाको बैठक बस्न सक्नेछ। त्यसरी बसेको बैठकको उपस्थिति र निर्णय त्यसपछि बसेको पहिलो बैठकमा उपदफा (१०) बमोजिम प्रमाणित गरी राख्नु पर्नेछ।

(१२) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सो सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. **<u>सभाको काम, कर्तव्य र अधिकारः</u>** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(क) विश्वविद्यालयको नीति, नियम, योजना, रणनीति तथा मापदण्ड स्वीकृत गर्ने,

(ख) विश्वविद्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्रोतको प्रबन्ध गर्ने,

(ग) विश्वविद्यालय र मातहतका सङ्गठनको सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(घ) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण र प्रदान गर्ने,

(ङ) विश्वविद्यालयको प्राज्ञिक मूल्य र मान्यतालाई संरक्षण र सम्वर्द्धन गर्ने तथा विश्वविद्यालय र मातहतका निकायलाई निर्देशन वा मार्गदर्शन दिने,

(च) विश्वविद्यालयको वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(छ) स्वास्थ्य विज्ञानसँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रमको अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण र नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था वा अस्पतालसँग सम्झौता गर्न स्वीकृति दिने,

(ज) नेपालमा सञ्चालित स्वास्थ्य विज्ञानसँग सम्बन्धित शिक्षण संस्था तथा अस्पतालसँग प्राज्ञिक तथा स्वास्थ्य सेवाका विषयमा आवश्यकता अनुसार समन्वय र सहकार्य गर्ने,

(झ) विश्वविद्यालयका शिक्षक र कर्मचारीको तलब तथा सुविधा निर्धारण गर्ने,

(ञ) विश्वविद्यालयको कर्मचारी तथा आर्थिक प्रशासन सम्बन्धी विनियमावली स्वीकृत गर्ने,

(ट) विश्वविद्यालयको कार्य सुचारु रुपले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने।

## परिच्छेद-५
## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१०. **प्राज्ञिक परिषद्को गठन**: (१) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यलाई व्यवस्थित तथा नियमित गर्न विश्वविद्यालयमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | उपकुलपति | -अध्यक्ष |
| (ख) | रजिष्ट्रार | -सदस्य |
| (ग) | स्वास्थ्य विज्ञान सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने अन्य विश्वविद्यालयका डीनमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एक जना | -सदस्य |

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(घ) विश्वविद्यालयका विभिन्न विषय समितिका अध्यक्षमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुई जना -सदस्य

(ङ) शिक्षकमध्ये कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(च) प्रिन्सिपलमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एक जना -सदस्य

(छ) डीन -सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिम मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः मनोनयन गर्न सकिनेछ ।

(४) उपदफा (२) को खण्ड (ग), (घ), (ङ) र (च) बमोजिम मनोनीत सदस्यको पद कुनै कारणले रिक्त भएमा त्यस्तो पदमा जुन प्रक्रियाबाट मनोनयन गरिएको हो सोही प्रक्रियाबाट मनोनयन गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि समाप्त हुनुभन्दा तीन महिना अगावै यस दफा बमोजिम मनोनयन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(६) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि सो परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

११. **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>**: प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यलाई व्यवस्थित र गुणस्तरयुक्त बनाउने,

(ख) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने उपाधि निर्धारणका सम्बन्धमा कार्यकारी परिषद्लाई परामर्श दिने,

(ग) नयाँ शैक्षिक कार्यक्रम सञ्चालन, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सिफारिस गर्ने,

(घ) आङ्गिक शिक्षण संस्था र शिक्षण अस्पतालको स्थापना र सञ्चालन सम्बन्धमा कार्यकारी परिषद्मा सिफारिस गर्ने,

(ङ) विश्वविद्यालयको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(च) विश्वविद्यालयबाट सञ्चालन हुने शैक्षिक कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(छ) विद्यार्थी भर्ना छनौट सम्बन्धी आधार र मापदण्ड निर्धारण गर्ने,

(ज) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(झ) विश्वविद्यालयको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, पदक, पुरस्कार र रोयल्टी निर्धारण सम्बन्धी कार्य गर्ने,

(ञ) विश्वविद्यालयको शैक्षिक गुणस्तर कायम राख्न आवश्यक कार्य गर्ने,

(ट) प्राज्ञिक परिषद्सँग सम्बन्धित सभाको निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने।

## परिच्छेद-६

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

१२. **कार्यकारी परिषद्को गठनः** (१) विश्वविद्यालयको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) उपकुलपति - अध्यक्ष

(ख) डिन - सदस्य

(ग) अस्पताल निर्देशक - सदस्य

(घ) उपकुलपतिको सिफारिसमा प्राध्यापकमध्येबाट सभाले मनोनयन गरेको एक जना - सदस्य

(ङ) रजिष्ट्रार -सदस्य-सचिव

(३) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य अधिकारको अतिरिक्त कार्यकारी परिषद्को काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयको लागि आवश्यक पर्ने नियम तथा विनियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ग) प्राज्ञिक परिषद्को सिफारिसमा नयाँ शैक्षिक कार्यक्रम सञ्चालन, अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्यक्रम सञ्चालन, आङ्गिक शिक्षण संस्था र शिक्षण अस्पतालको स्थापना र सञ्चालन गर्न स्वीकृति दिने,

(घ) विश्वविद्यालयको नीति, योजना, रणनीति, मापदण्ड, सङ्गठन संरचना, वार्षिक बजेट तथा कार्यक्रम,प्रगति विवरण,उपाधि निर्धारण तथा प्रदान गर्ने, वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्ताव तयार गरी स्वीकृतिको लागि सभामा पेस गर्ने,

(ङ) विश्वविद्यालयका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने वा गराउने,

(च) सर्वसाधारणलाई सहज रुपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने तथा समुदायमा रहेका विशेष प्रकृतिका रोगका सम्बन्धमा अध्ययन, अनुसन्धान गराई निरोधात्मक र उपचारात्मक सेवा सञ्चालन गर्ने वा गराउने,

(छ) विश्वविद्यालय अन्तर्गतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ज) सभाको नीति निर्देशन र प्रचिलत कानूनको अधीनमा रही विश्वविद्यालयको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने,

(झ) विश्वविद्यालयको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारीको कार्यविवरण, दरबन्दी, सेवाका शर्त, तलब तथा सुविधा निर्धारण गरी स्वीकृतिको लागि सभामा पेस गर्ने तथा स्वीकृत दरबन्दीमा पदपूर्ति समितिको सिफारिस बमोजिम नियुक्ति गर्ने,

(ञ) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न शैक्षिक कार्यक्रमको अध्ययन, अध्यापन, तालिम, अनुसन्धान, अन्वेषण र नवप्रवर्तन कार्यक्रम सञ्चालन गर्न आवश्यकता अनुसार स्वदेशी तथा विदेशी विश्वविद्यालय, शिक्षण संस्था वा अस्पतालसँग सम्झौता गर्ने स्वीकृतिको लागि सभा समक्ष प्रस्ताव पेस गर्ने,

(ट) अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क तथा सेवा शुल्क बापतको शुल्क निर्धारण गर्ने,

(ठ) विश्वविद्यालयको शैक्षिक, प्राज्ञिक, अनुसन्धान तथा नवप्रवर्तन तथा स्वास्थ्य सेवा सम्बन्धी कार्यको पहुँच र गुणस्तर सुनिश्चित गर्ने,

(ड) विश्वविद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ढ) आवधिक रुपमा विश्वविद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने र सो सम्बन्धी प्रतिवेदन सभामा पेस गर्ने,

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने गराउने।

## परिच्छेद-७

## विद्या परिषद् र विषय समितिको गठन तथा काम, कर्तव्य र अधिकार

१४. **विद्या परिषद्**: (१) स्कूलको प्राज्ञिक निकायको रूपमा काम गर्न डीनको संयोजकत्वमा एक विद्या परिषद् रहनेछ ।

(२) विद्या परिषद्मा कम्तीमा एक जना महिलासहित बढीमा पाँच जना सदस्य रहनेछन्।

(३) विद्या परिषद्को सदस्यको मनोनयन डीनले गर्नेछ ।

(४) उपदफा (३) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः मनोनयन गर्न सकिनेछ ।

(५) विद्या परिषद्को सदस्यको योग्यता तोकिए बमोजिम हुनेछ ।

(६) विद्या परिषद्को बैठक सम्बन्धी कार्यविधि परिषद् आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

१५. **विद्या परिषद्को काम, कर्तव्य र अधिकार**: विद्या परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्राज्ञिक परिषद्ले विद्यार्थी भर्नाका लागि निर्धारण गरेको योग्यताको आधारमा विद्यार्थी छनौटको आधार र प्रक्रिया तथा सिट सङ्ख्या तोक्ने,

(ख) मानार्थ उपाधि कायम गर्न, थपघट वा हेरफेर गर्न वा खारेज गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(ग) विषय समितिको राय लिई स्कूलसँग सम्बन्धित विषयको पाठ्यक्रम निर्धारण, अनुमोदन तथा संशोधन गर्न प्राज्ञिक परिषद्मा सिफारिस गर्ने,

(घ) स्कूलको शैक्षिक कार्यक्रमसँग सम्बन्धित परीक्षाको किसिम तोक्न, हेरफेर गर्न, परीक्षा सम्बन्धी शर्त र अन्य व्यवस्थाका लागि सिफारिस गर्ने,

(ङ) शिक्षण संस्थामा सञ्चालन हुने वा सञ्चालन भएका शैक्षिक कार्यक्रमका निमित्त चाहिने पूर्वाधार तथा सुविधा निर्धारण गर्ने र मूल्याङ्कन गर्ने,

(च) विषय समितिलाई आवश्यक निर्देशन तथा मार्गदर्शन दिने,

(छ) विषय समितिको सिफारिसमा पाठ्यवस्तु र प्रश्नपत्रको ग्रीडको प्रारुप स्वीकृत गर्ने,

(ज) शिक्षण संस्थामा सञ्चालित शैक्षिक तथा अनुसन्धान सम्बन्धी कार्यक्रमको मूल्याङ्कन पद्धति र साधन निर्धारण गर्ने ।

१६. **विषय समिति**: (१) विद्या परिषद्को काम कारबाहीलाई सघाउ पुऱ्याउन आवश्यक संख्यामा विषय समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिमको विषय समितिको गठन, काम र कर्तव्य सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-८
## अनुसन्धान केन्द्र, स्कूल, शिक्षण संस्था र शिक्षण अस्पताल

१७. **अनुसन्धान केन्द्रको स्थापना र सञ्चालन**: (१) विश्वविद्यालयले आफ्नो विषय क्षेत्रमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्नका लागि आवश्यकता अनुसार अनुसन्धान केन्द्र स्थापना तथा सञ्चालन गर्नेछ।

(२) अनुसन्धान केन्द्रले समुदायमा रहेका विशेष प्रकृतिका रोगका सम्बन्धमा अध्ययन, अनुसन्धान गरी निरोधात्मक र उपचारात्मक प्रविधिको विकास गर्नेछ।

(३) विश्वविद्यालयले सरकारी, सहकारी, निजी क्षेत्र वा स्थानीय समुदायसँगको समन्वय वा सहकार्यमा अनुसन्धान तथा नवप्रवर्तन सम्बन्धी कार्य गर्न सक्नेछ।

(४) अनुसन्धान केन्द्रको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१८. **स्कूलः** (१) विश्वविद्यालयमा अध्ययन, अध्यापन र स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि विश्वविद्यालयको केन्द्रीय कार्यालय रहने स्थानमा स्कूल अफ हेल्थ साइन्सेज स्थापना र सञ्चालन हुनेछ।

(२) स्कूल सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१९. **शिक्षण संस्थाः** (१) स्कूल मातहत रहने गरी आङ्गिक शिक्षण संस्थाको स्थापना र सञ्चालन गर्न सकिनेछ।

(२) शिक्षण संस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

२०. **शिक्षण अस्पतालः** (१) विश्वविद्यालयले सर्वसाधारणलाई सहज, सुलभ र गुणस्तरीय विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने प्रयोजनको लागि शिक्षण संस्थाको अभिन्न अङ्गको रूपमा शिक्षण अस्पतालको स्थापना र सञ्चालन गर्नेछ।

(२) विश्वविद्यालयले नेपाल सरकार वा प्रदेश सरकारको अनुमति लिई नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गत सञ्चालित अस्पतालसँग सम्झौता गरी त्यस्तो अस्पतालमा शैक्षिक कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो अस्पताललाई शिक्षण अस्पतालको रूपमा उपयोग गर्न सक्नेछ।

(३) समुदायमा रहेका विशेष प्रकृतिका रोगको सम्बन्धमा निरोधात्मक र उपचारात्मक सेवा सञ्चालन गर्नेछ।

(४) शिक्षण अस्पतालको स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-९
## विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक र कर्मचारीको पदपूर्ति

२१. **कुलपतिः**(१) प्रधानमन्त्री विश्वविद्यालयको कुलपति हुनेछ।

(२) कुलपति विश्वविद्यालयको प्रमुख हुनेछ।

(३) कुलपतिले दीक्षान्त समारोहमा अध्यक्षता गर्नेछ।

(४) कुलपतिले विश्वविद्यालयको निरीक्षण गर्न वा गराउन र आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

२२. **सहकुलपतिः** (१) नेपाल सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री विश्वविद्यालयको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले विश्वविद्यालयको निरीक्षण गर्न, गराउन र आवश्यकता अनुसार निर्देशनसमेत दिन सक्नेछ।

२३. **उपकुलपतिः** (१) विश्वविद्यालयको कार्यकारी प्रमुखको हैसियतमा कार्य सम्पादन गर्न विश्वविद्यालयमा एक जना उपकुलपति रहनेछ।

(२) यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र दफा २५ बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपति नियुक्त गर्नुपर्नेछ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(४) उपकुलपतिको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीन महिना अगावै यस ऐन बमोजिम उपकुलपतिको नियुक्ति प्रक्रिया शुरु गर्नु पर्नेछ।

(५) उपकुलपतिको अनुपस्थितिमा निजको काम कुलपतिबाट व्यवस्था भए बमोजिम हुनेछ।

२४. **उपकुलपतिको योग्यता**: देहायको योग्यता भएको व्यक्ति उपकुलपतिमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट चिकित्सा शिक्षासँग सम्बन्धित कुनै विधा (हेल्थ प्रोफेसनल एजुकेशन) मा विद्यावारिधि उपाधि प्राप्त गरेको,

(ख) कुनै विश्वविद्यालयको प्राध्यापक पदमा रही कम्तीमा दश वर्ष काम गरेको,

(ग) शैक्षिक वा प्राज्ञिक उन्नयनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय कुशलता, नेतृत्व गर्ने क्षमता, सीप र कौशल प्रदर्शन गरेको,

(घ) प्राज्ञिक तथा अनुसन्धानमूलक परियोजना सफलतापूर्वक सम्पन्न गरेको,

(ङ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरको जर्नलमा अनुसन्धानमूलक लेख तथा सन्दर्भ सामग्री प्रकाशन गरेको,

(च) पैंतीस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत एकसठ्ठी वर्ष ननाघेको,

(छ) उच्च नैतिक चरित्र भएको।

२५. **सिफारिस समिति**: (१) सभाले उपकुलपतिको नियुक्तिका लागि देहाय बमोजिमको सिफारिस समिति गठन गर्नेछः-

(क) सभाबाट मनोनीत सभाको सदस्य - संयोजक

(ख) प्रचलित कानून बमोजिम स्थापित विश्वविद्यालयको पूर्व उपकुलपति वा पूर्व अध्यक्ष वा ख्यातिप्राप्त प्राध्यापक मध्येबाट सभाले मनोनीत गरेको एक जना - सदस्य

(ग) स्वास्थ्य विज्ञान क्षेत्रका विज्ञमध्येबाट सभाले मनोनीत गरेको एक जना - सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समिति गठन गर्दा संयोजक वा सदस्यमध्ये कम्तीमा एक जना महिला रहने गरी गठन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपकुलपति पदको लागि योग्यता पुगेको स्वदेशी वा विदेशी व्यक्तिले दरखास्त दिने प्रयोजनको लागि सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचना बमोजिम दरखास्त पेस गरेका उम्मेदवारहरूमध्ये सिफारिस समितिले बढीमा सात र कम्तीमा तीनजना योग्य उम्मेदवारको संक्षिप्त सूची तयार गरी त्यस्ता उम्मेदवारलाई अन्तर्वार्ता र प्रस्तुतिको लागि आमन्त्रण गर्नु पर्नेछ ।

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(५) उपदफा (४) बमोजिम उम्मेदवारको अन्तर्वार्ता र प्रस्तुतिको आधारमा सिफारिस समितिले आफ्नो काम प्रारम्भ गरेको मितिले साठी दिनभित्र सबैभन्दा योग्य दुई जना उम्मेदवारको नाम उपकुलपतिको पदमा नियुक्तिको लागि सभामा सिफारिस गर्नेछ ।

(६) उपदफा (४) बमोजिम सिफारिस भई आएको व्यक्ति मध्येबाट एक जना व्यक्तिलाई सभाले तीस दिनभित्र उपकुलपति पदमा नियुक्त गर्नु पर्नेछ ।

(७) उपकुलपतिको नियुक्ति सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

२६. **उपकुलपतिको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सभा तथा कार्यकारी परिषदको निर्णय र निर्देशन कार्यान्वयन गर्ने वा गराउने,

(ख) विश्वविद्यालयका सबै काम कारबाही उपर सामान्य नियन्त्रण र रेखदेख गर्ने,

(ग) विश्वविद्यालयको काम कारबाहीमा आफ्नो अधिकार क्षेत्र भित्र रहेको विषयमा निर्देशन दिने,

(घ) विश्वविद्यालयद्वारा सञ्चालित कार्यक्रमको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने गराउने र सोको प्रतिवेदन कार्यकारी परिषदमा पेस गर्ने,

(ङ) सभामा पेस गर्नु पर्ने प्रस्ताव पेस गर्ने, गर्न लगाउने,

(च) विश्वविद्यालयको विकासका लागि अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय गर्ने वा गराउने,

(छ) विश्वविद्यालयलाई आवश्यक स्रोतको व्यवस्था गर्ने,

(ज) आर्थिक अनुशासन, मितव्ययीता र पारदर्शिता कायम गर्ने वा गराउने,

(झ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन, सुरक्षा र संरक्षण गर्ने वा गराउने,

(ञ) विश्वविद्यालयसँग सम्बन्धित जनगुनासो विश्लेषण गरी सोको सम्बोधन तथा व्यवस्था गर्ने,

(ट) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा कुनै निकाय वा पदाधिकारीले गर्ने भनी उल्लेख भएदेखि बाहेकका अन्य काम गर्ने,

(ठ) सभाले तोकेका अन्य काम गर्ने।

(२) उपदफा (१) को खण्ड (ट) बमोजिम उपकुलपतिले गरेको नीतिगत निर्णय वा सो सम्बन्धी काम कारबाहीको जानकारी सभालाई गराउनु पर्नेछ।

२७. **रजिष्ट्रारः** (१) रजिष्ट्रार विश्वविद्यालयमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(२) दफा २८ बमोजिमको योग्यता पूरा गरेको व्यक्तिमध्येबाट रजिष्ट्रार पदमा नियुक्तिका लागि उपकुलपतिले तीन जनाको नाम सभामा सिफारिस गर्नु पर्नेछ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

(३) उपदफा (२) बमोजिम सिफारिस भएको व्यक्तिमध्येबाट सभाले एक जना उपयुक्त व्यक्तिलाई रजिष्ट्रार पदमा नियुक्त गर्नेछ।

(४) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ।

२८. **रजिष्ट्रारको योग्यता**ः देहायको योग्यता भएको व्यक्ति रजिष्ट्रारमा नियुक्त हुन योग्य हुनेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ख) उच्च शिक्षामा प्राध्यापन वा प्राज्ञिक अनुसन्धान वा स्वास्थ्य सेवाको कार्यकारी प्रशासकको पदमा वा नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको पद वा सोभन्दा माथिको पदमा कम्तीमा पाँच वर्ष कार्य अनुभव हासिल गरेको,

(ग) शैक्षिक, प्राज्ञिक उन्नयन वा प्रशासनको क्षेत्रमा उत्कृष्ट व्यवस्थापकीय सीप र कौशल प्रदर्शन गरेको,

(घ) प्रचलित कानून बमोजिम सार्वजनिक पदमा नियुक्ति वा मनोनयनको लागि अयोग्य नरहेको,

(ङ) पैंतीस वर्ष उमेर पूरा भएको र नियुक्ति हुँदाको बखत एकसठ्ठी वर्ष उमेर ननाघेको,

(च) उच्च नैतिक चरित्र भएको।

२९. **रजिष्ट्रारको काम,कर्तव्य र अधिकार**ः (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विश्वविद्यालयको शिक्षक तथा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने,

(ख) विश्वविद्यालयको कोष सञ्चालन,लेखा र लेखा परीक्षण गर्ने वा गराउने,

(ग) आन्तरिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने,

(घ) विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नीति तथा योजना कार्यान्वयन गर्ने वा गराउने,

(ङ) विश्वविद्यालयको सम्पत्तिको व्यवस्थापन,संरक्षण र सञ्चालन सम्बन्धी आवश्यक कार्य गर्ने,

(च) विश्वविद्यालयको आर्थिक आयव्ययको अनुमान तयार गर्ने वा गराउने,

(छ) विश्वविद्यालय अन्तर्गतका सबै निकायको निरीक्षण गर्ने र प्रशासन तथा व्यवस्थापन कार्यमा कुनै त्रुटि देखिएमा सुधार गर्ने तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

(ज) विश्वविद्यालयद्वारा सञ्चालन गरिने परीक्षाको रेखदेख,नियन्त्रण र व्यवस्थापन गर्ने,

(झ) कार्यकारी परिषद् तथा उपकुलपतिले निर्देशन गरे बमोजिमको कार्य गर्ने।

(२) रजिष्ट्रारले उपकुलपतिको सामान्य नियन्त्रण र निर्देशनमा रही कार्यसम्पादन गर्नु पर्नेछ।

३०. **डीनः** (१) विश्वविद्यालयको स्कूल प्रमुखको हैसियतमा पूरा समय काम गर्ने पदाधिकारीको रूपमा डीन रहनेछ ।

(२) सम्बन्धित विधामा विद्यावारिधि उपाधी प्राप्त गरेको र प्राध्यापक पदमा रही कम्तीमा पाँच वर्षको अनुभव हासिल गरेको व्यक्तिलाई कार्यकारी परिषद्को सिफारिसमा उपकुलपतिले डीन नियुक्त गर्नेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ।

३१. **डीनको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त डीनको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्कूल प्रमुखको रूपमा प्राज्ञिक तथा शैक्षिक नेतृत्व गर्ने,

(ख) विश्वविद्यालय अन्तर्गतका विषयमा पठनपाठन र अनुसन्धानको विकासका लागि आवश्यक पर्ने कार्य गर्ने वा गराउने,

(ग) शिक्षण संस्थामा सञ्चालित पठनपाठन र अनुसन्धानको गुणस्तर विकासका लागि आवश्यक कार्य गर्ने वा गराउने,

(घ) शिक्षण संस्थालाई शैक्षिक तथा अनुसन्धानको लागि सहयोग र सुविधा दिन सिफारिस गर्ने,

(ङ) कार्यकारी परिषद्बाट तोकिएका शिक्षण संस्थाको निरीक्षण, व्यवस्थापन, रेखदेख र समन्वयकर्ताको रूपमा काम गर्ने,

(च) विद्या परिषद् र विषय समितिको काम कारवाहीमा समन्वय गर्ने।

३२. **प्रिन्सिपलः** (१) शिक्षण संस्थाको प्रमुखका रुपमा काम गर्नको लागि कम्तीमा सहप्राध्यापक वा सो सरहको शिक्षकलाई डिनको सिफारिसमा उपकुलपतिले प्रिन्सिपल नियुक्ति गर्नेछ।

(२) प्रिन्सिपल सम्बन्धित शिक्षण संस्थाको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) प्रिन्सिपलको पदावधि चार वर्षका लागि हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(४) प्रिन्सिपलको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३३. **अस्पताल निर्देशकः** (१) शिक्षण अस्पतालको प्रमुखको रुपमा काम गर्नको लागि चिकित्सा शिक्षामा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरी पाँच वर्ष कार्य अनुभव भएको चिकित्सकलाई डिनको सिफारिसमा उपकुलपतिले अस्पताल निर्देशकको नियुक्ति गर्नेछ ।

(२) अस्पताल निर्देशक शिक्षण अस्पतालको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) अस्पताल निर्देशकको पदावधि चार वर्षका लागि हुनेछ र निजलाई अर्को एक कार्यकालको लागि पुनः नियुक्त गर्न सकिनेछ।

(४) निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछन्।

३४. **पदाधिकारीको पारिश्रमिक,सुविधा र सेवाको शर्तः** उपकुलपति, रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकको पारिश्रमिक,सुविधा र सेवाका शर्त तोकिए बमोजिम हुनेछ।

३५. **उपकुलपति पदमुक्त हुने अवस्थाः** (१) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पूरा गरेको छैन भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपतिसमक्ष लिखित निवेदन दिएमा कुलपतिले एक्काइस दिनभित्र विश्वविद्यालय अनुदान आयोगको अध्यक्षको अध्यक्षतामा मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगको निर्देशक रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले आवश्यकतानुसार सम्बन्धित विज्ञहरूको सहयोग लिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको छानबिन समितिले कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र छानबिन सम्बन्धी कार्य सम्पन्न गरी कुलपति समक्ष पेस गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (८) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो उपकुलपति आफ्नो पदबाट स्वत: निलम्बन हुनेछ।

(५) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति उपर लागेको आरोपको बारेमा निजसंग सोधपुछ वा स्पष्टीकरण माग गर्नु पर्नेछ।

(६) उपकुलपतिले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको भनी उपदफा (१) बमोजिमको छानबिन समितिले कुलपति समक्ष सिफारिस गरेमा कुलपतिले उपकुलपतिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम उपकुलपतिले सफाइ पेस गरेको एक महिनाभित्र सो सम्बन्धी निर्णयको लागि सभाको बैठक बोलाउनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम बोलाएको सभाको बैठकमा बहुमत सदस्यले उपकुलपतिलाई पदबाट हटाउने प्रस्ताव पारित गरेमा कुलपतिले त्यस्तो उपकुलपतिलाई पदबाट हटाउनेछ।

(९) उपदफा (४) बमोजिम उपकुलपति निलम्बन भएको अवस्थामा सो अवधिभर कार्य सञ्चालन गर्न कुलपतिले विश्वविद्यालयको कुनै पदाधिकारीलाई तोक्न सक्नेछ।

३६. **रजिष्ट्रार, डीन, प्रिन्सिपल र अस्पताल निर्देशक पदमुक्त हुने अवस्थाः**(१) रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको,पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको भनी कसैले प्रमाण सहित उपकुलपति समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपकुलपतिले कार्यकारी परिषद्‌मा पेस गर्नेछ र त्यसरी पेस भएको निवेदन उपर छानबिन गर्ने प्रयोजनको लागि कार्यकारी परिषद्‌ले सो परिषद्‌को कुनै सदस्यको अध्यक्ष र अन्य दुई जना विषय विज्ञ रहेको एक छानबिन समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिले छानबिन गर्दा रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, पद अनुरूपको आचरण नगरेको वा विश्वविद्यालयको हित विपरीतको कुनै काम गरेको देखिएमा त्यस्तो रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउन कार्यकारी परिषद्‌मा सिफारिस गर्नेछ ।

(४) उपदफा (३) बमोजिम सिफारिस प्राप्त भएमा कार्यकारी परिषद्‌ले त्यस्तो रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउने निर्णय गर्नेछ।

(५) यस ऐनको दफा २७ को उपदफा (४), दफा ३० को उपदफा (३), दफा ३२ को उपदफा (३) र दफा ३३ को उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिम निर्णय भएमा उपकुलपतिले रजिष्ट्रार, डीन, प्रिन्सिपल वा अस्पताल निर्देशकलाई पदबाट हटाउनेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाई पेस गर्न मनासिब मौका दिनु पर्नेछ।

३७. **पदपूर्ति समितिः** (१) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा गर्ने प्रयोजनका लागि एक पदपूर्ति समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको पदपूर्ति समितिमा देहायका सदस्य रहनेछन्:-

| | | |
|---|---|---|
| (क) | सभाका सदस्यमध्ये सभाबाट मनोनीत व्यक्ति | -संयोजक |
| (ख) | प्रतिनिधि, लोक सेवा आयोगको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | -सदस्य |
| (ग) | रजिष्ट्रार | -सदस्य-सचिव |

(३) उपदफा (२) को खण्ड (क) बमोजिम मनोनीत संयोजकको पदावधि दफा ७ को अधीनमा रही बढीमा चार वर्षको हुनेछ।

(४) उपदफा (२) को खण्ड (क) बमोजिम मनोनीत संयोजकको पद कुनै कारणले रिक्त भएमा त्यस्तो पद पहिले जुन प्रक्रियाबाट मनोनयन गरिएको हो सोही प्रक्रियाबाट मनोनयन गर्नु पर्नेछ।

(५)पदपूर्ति समितिको बैठक सम्बन्धी कार्यविधि पदपूर्ति समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको पदपूर्तिका लागि पदपूर्ति समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको उपसमितिको काम र कर्तव्य त्यस्तो उपसमिति गठन गर्दाका बखत पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

(८) विश्वविद्यालयको शिक्षक तथा कर्मचारीको पदपूर्ति तथा बढुवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३८. **<u>विश्वविद्यालयका शिक्षक तथा कर्मचारी</u>**: (१) विश्वविद्यालयमा आवश्यक सङ्ख्यामा शिक्षक तथा कर्मचारी रहने छन्।

(२) उपदफा (१) बमोजिमका शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवा दफा ३७ बमोजिमको पदपूर्ति समितिको सिफारिसमा हुनेछ।

(३) विश्वविद्यालयलाई थप आर्थिक भार नपर्ने गरी कुनै दाताले विश्वविद्यालयको नाममा तोकिए बमोजिमको रकम बराबरको अक्षयकोष खडा गरी कुनै विधा विशेषमा ख्याति प्राप्त स्वदेशी वा विदेशी विशिष्ट विद्वानलाई विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा योगदान गराउन चाहेमा सभाको सहमति लिई उपकुलपतिले त्यस्ता व्यक्तिलाई दाता वा दाताले इच्छाएको व्यक्तिको नाम जोडिएको इन्डाउड प्राध्यापक वा विभागीय प्रमुखको हैसियतमा नियुक्त गर्न सक्नेछ।

(४) विश्वविद्यालयको प्राज्ञिक वा अनुसन्धान कार्यमा लामो समयसम्म समर्पित भई विशिष्ट योगदान गरेका स्वदेशी वा विदेशी वरिष्ठ प्राध्यापकलाई आवश्यकता अनुसार सभाको सहमतिमा तोकिए बमोजिमको प्रक्रियाबाट उपकुलपतिले इमेरिट्स प्राध्यापकको रूपमा सम्मान प्रदान गर्न सक्नेछ।

(५) कुनै विधा विशेषमा विशिष्ट क्षमता राख्ने वा अनुभव भएका स्वदेशी वा विदेशी विज्ञ वा विद्वानलाई विश्वविद्यालयको आवश्यकता अनुसार तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उपकुलपतिले आगन्तुक प्राध्यापक (भिजिटिङ प्रोफेसर) वा कार्यानुभवी प्राध्यापक (प्रोफेसर अफ प्राक्टिस) को रूपमा नियुक्त गर्न सक्नेछ।

(६) कुनै विदेशी विश्वविद्यालयसँग भएको प्राविधिक सहायता, सम्झौता वा समझदारी बमोजिम त्यस्तो विश्वविद्यालयको बहालवाला वा सेवानिवृत्त शिक्षक वा विज्ञले स्वयंसेवकको रूपमा वा त्यस्तो विश्वविद्यालयले निजको पारिश्रमिक व्यहोर्ने गरी विश्वविद्यालयमा अध्ययन, अध्यापन, प्रशिक्षण वा अन्य कुनै प्राज्ञिक कार्य सम्पादन गर्न सक्नेछ।

(७) विश्वविद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यसम्पादन गर्न विश्वविद्यालयमा बहालवाला शिक्षक तथा कर्मचारीबाट सम्भव नभएको र त्यस्तो कार्यसम्पादन गर्न बाधा परेको तथा यस दफा बमोजिम तत्काल पदपूर्ति हुने अवस्था समेत नरहेमा विश्वविद्यालयको स्वीकृत दरबन्दीमा उपकुलपतिको स्वीकृति लिई नेपाल सरकारलाई आर्थिक व्ययभार नपर्ने गरी शिक्षकलाई डीनले र कर्मचारीलाई रजिष्ट्रारले करार गरी काममा लगाउन सक्नेछ र त्यसरी करारमा नियुक्त गर्नु अघि स्रोतको सुनिश्चितता गरेको हुनु पर्नेछ।

(८) उपदफा (७) बमोजिम करार गरी काममा लगाइएका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, पारिश्रमिक, सुविधा, करार सेवाको अवधि र अन्य शर्त सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

(९) विश्वविद्यालयका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

३९. **योगदानमा आधारित निवृत्तभरण**: (१) विश्वविद्यालयमा स्थायी नियुक्ति हुने शिक्षक तथा कर्मचारी अवकास हुँदा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली बमोजिमको निवृत्तभरण प्रणाली लागू हुनेछ।

(२) उपदफा (१) बमोजिमको निवृत्तभरण प्रणाली अन्तर्गत निवृतिभरण कोषमा शिक्षक तथा कर्मचारीले गर्नुपर्ने योगदान र विश्वविद्यालयले जम्मा गर्नु पर्ने रकम सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१०

## विश्वविद्यालयको कोष, लेखा तथा लेखापरीक्षण

४०. **विश्वविद्यालयको कोष**: (१) विश्वविद्यालयको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) अध्ययन, तालिम तथा अनुसन्धान, शैक्षिक शुल्क वा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) समकक्षता तथा स्तर निर्धारण गर्दा प्राप्त रकम,

(घ) स्वदेशी वा विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम विश्वविद्यालयले विदेशी व्यक्ति, सङ्घ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नुअघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(४ उपदफा (१) बमोजिमको कोषको रकम बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम स्थापित “क" वर्गको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) विश्वविद्यालयको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) विश्वविद्यालयको कोष र खाताको सञ्चालन सम्बन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **लेखा र लेखापरीक्षण**: (१) विश्वविद्यालयको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ।

(२) विश्वविद्यालयले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नु पर्नेछ।

(३) विश्वविद्यालयको आन्तरिक लेखापरीक्षण प्रचलित कानून बमोजिमको दर्तावाला लेखापरीक्षकहरु मध्ये सभाबाट नियुक्त लेखापरीक्षकबाट गराउनु पर्नेछ।

(४) विश्वविद्यालयको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद-११

## विविध

४२. **उपाधि, प्रमाणपत्र, समकक्षता र स्तर निर्धारण**: (१) विश्वविद्यालयबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थी, प्रशिक्षार्थी वा अनुसन्धानकर्तालाई विश्वविद्यालयले तोकिए बमोजिमको उपाधि र प्रमाणपत्र प्रदान गर्नेछ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

(२) विश्वविद्यालयले अनुसन्धान र प्राज्ञिक क्षेत्रमा प्रशंसनीय कार्य गर्ने व्यक्तिलाई मानार्थ उपाधि प्रदान गर्न सक्नेछ।

(३) विश्वविद्यालयले कुनै स्वदेशी वा विदेशी विश्वविद्यालय वा शैक्षिक संस्थाको शैक्षिक उपाधिलाई आफ्नो प्रयोजनको लागि मान्यता, समकक्षता र स्तर निर्धारण गर्न सक्नेछ।

(४) उपाधि, प्रमाणपत्र, समकक्षता, मान्यता र स्तर निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. **बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारः** (१) विश्वविद्यालयले गरेको अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार प्रचलित कानून बमोजिम विश्वविद्यालयमा सुरक्षित रहनेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालयका विभिन्न निकायसँग सम्बन्धित रही अनुसन्धान, आविष्कार, उत्पादन वा अन्य कुनै आधारमा प्राप्त गर्ने बौद्धिक सम्पत्ति आर्जनमा संलग्न अनुसन्धानकर्ता वा अन्य व्यक्तिलाई पहिचान वा पुरस्कार वा तोकिए बमोजिम रोयल्टीको केही हिस्सा उपलब्ध गराउन सक्नेछ।

४४. **सम्बन्धन वा स्वीकृति नदिनेः** विश्वविद्यालयले आफ्नो आङ्गिक शिक्षण संस्था बाहेक अन्य कुनै शिक्षण संस्थालाई सम्बन्धन वा स्वीकृति दिने छैन।

४५. **विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई नियुक्ति वा मनोनयन गर्न सकिनेः** विश्वविद्यालयमा उल्लेखनीय योगदान पुऱ्याउन सक्ने विदेशी नागरिक वा गैर आवासीय नेपाली नागरिकलाई शिक्षक वा अनुसन्धानकर्ताको पदमा नियुक्ति गर्न सकिनेछ।

४६. **समावेशी सिद्धान्त अवलम्बन गर्नु पर्नेः** यस ऐन बमोजिम सभा, प्राज्ञिक परिषद्, कार्यकारी परिषद्, विद्या परिषद् तथा विषयगत समितिमा सदस्यको मनोनयन गर्दा समावेशी सिद्धान्त अवलम्बन गर्नु पर्नेछ।

४७. **सिट सङ्ख्या निर्धारण, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्तिः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि चिकित्सा शिक्षा अध्ययनको सिट सङ्ख्या निर्धारण, प्रवेश परीक्षा, विद्यार्थी भर्ना, शिक्षण शुल्क र छात्रवृत्ति सम्बन्धी व्यवस्था प्रचलित चिकित्सा शिक्षा सम्बन्धी कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

४८. **काम गर्नु पर्नेः** (१) यस ऐन बमोजिम छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले नेपाल सरकारले तोकेको अवधिसम्म तोकिएको स्थानमा काम गर्नु पर्नेछ।

(२) छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले गर्नु पर्ने कबुलियतनामा र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४९. **समिति गठन गर्न सक्नेः** (१) विश्वविद्यालयको कामका सन्दर्भमा विश्वविद्यालयका सङ्गठनले आवश्यकता अनुसार विभिन्न समिति, उपसमिति तथा कार्यदल गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम गठित समिति, उपसमिति वा कार्यदलको कार्य क्षेत्र, कार्यशर्त तथा कार्यविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दा तोक्नु पर्नेछ।

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं, नेपाल

५०. **शपथ लिनु पर्नेः** उपकुलपतिमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नुअघि तोकिए बमोजिमको ढाँचामा कुलपति समक्ष शपथ लिनु पर्नेछ।

५१. **पूर्व स्वीकृति लिनु पर्नेः** विश्वविद्यालयले नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी कुनै पदाधिकारी, शिक्षक तथा कर्मचारीको दरबन्दी स्वीकृत गर्दा वा पारिश्रमिक वा कुनै सेवा सुविधा थप गर्नुअघि नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

५२. **स्वार्थको द्वन्द (कन्फ्लिक्ट अफ इन्ट्रेष्ट) भएमा काम कारबाही गर्न नहुनेः** यस ऐन अन्तर्गत मनोनयन वा नियुक्त हुने पदाधिकारीले विश्वविद्यालयको हित वा सरोकारसँग सम्बन्धित विषयमा प्रत्यक्ष वा परोक्ष रुपमा आफ्नो कुनै हित, सरोकार वा स्वार्थ रहेको भएमा त्यस्तो विषयमा निर्णय गर्न हुँदैन।

५३. **काम कारबाही बदर नहुने:** कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भएको वा कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयन बदर वा अयोग्य भएको कारणलेमात्र त्यस्तो सदस्य वा पदाधिकारी संलग्न भई गरेको कुनै काम कारबाही बदर हुने छैन।

५४. **वार्षिक प्रतिवेदन:** (१) विश्वविद्यालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयमार्फत् नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा विश्वविद्यालयले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण, विश्वविद्यालयको उपलब्धि र चुनौती लगायतका कुरा उल्लेख गर्नु पर्नेछ।

५५. **बाह्य मूल्याङ्कन गरिने:** (१) सभाले प्रत्येक पाँच वर्षमा विश्वविद्यालयबाट भए गरेका काम कारबाही, साधन र स्रोतको प्रयोग तथा प्राप्त उपलब्धि सम्बन्धमा तोकिए बमोजिम बाह्य मूल्याङ्कन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बाह्य मूल्याङ्कनको प्रतिवेदन सभा समक्ष पेस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको बाह्य मूल्याङ्कन प्रतिवेदन सभाले पाँच वर्षको अवधि समाप्त भएको मितिले ६ महिनाभित्र मन्त्रालय मार्फत् नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदन नेपाल सरकार समक्ष पेस भएपछि त्यस्तो प्रतिवेदन विश्वविद्यालयले सार्वजनिक गर्नु पर्नेछ।

५६. **निरीक्षण र जाँचबुझ गराउन सक्ने:** (१) दफा ५४ बमोजिमको वार्षिक प्रतिवेदन र दफा ५५ बमोजिमको बाह्य मूल्याङ्कन प्रतिवेदनको आधारमा विश्वविद्यालयको काम कारबाही वा प्रगति सन्तोषजनक नदेखिएमा मन्त्रालयले देहाय बमोजिमको निरीक्षण तथा जाँचबुझ समिति गठन गरी विश्वविद्यालयको काम कारबाहीको निरीक्षण र जाँचबुझ गर्न वा गराउन सक्नेछः-

(क) विश्वविद्यालय अनुदान आयोगको अध्यक्ष -संयोजक

(ख) चिकित्सा शिक्षा, अर्थशास्त्र, कानून, लेखा, व्यवस्थापन क्षेत्रका विज्ञमध्येबाट एकजना -सदस्य

(ग) मन्त्रालयको सहसचिव -सदस्य-सचिव

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

(२) उपदफा (१) बमोजिमको जाँचबुझ समितिले निरीक्षण र जाँचबुझ गरी सुझाव सहित मन्त्रालयमा पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रालयले विश्वविद्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको निर्देशन कार्यान्वयन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ।

५७. **अधिकार प्रत्यायोजनः** (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद् र कार्यकारी परिषद्ले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार विश्वविद्यालयका कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५८. **नेपाल सरकारसँग सम्पर्क:** विश्वविद्यालयले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

५९. **विघटन हुँदाको परिणामः** (१) कुनै कारणले विश्वविद्यालय सञ्चालन हुन नसक्ने भएमा नेपाल सरकारले सभाको सिफारिसमा विश्वविद्यालय विघटन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम विश्वविद्यालय विघटन भएमा विश्वविद्यालयको चल, अचल सम्पत्ति र दायित्व नेपाल सरकारको हुनेछ।

६०. **ऐन कार्यान्वयन मापन:** यो ऐन प्रारम्भ भएको पाँच वर्ष पूरा भएको एक वर्षभित्र र त्यसपछि प्रत्येक पाँच वर्षपछिको एक वर्षभित्र मन्त्रालयले ऐन कार्यान्वयनको मापन गर्नेछ। सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेस गर्नु पर्नेछ।

६१. **मापदण्ड लागू गर्न सक्नेः** विश्वविद्यालयको काम कारबाहीलाई प्रभावकारी बनाउनको लागि विश्वविद्यालयले आवश्यक मापदण्ड बनाई लागू गर्न वा गराउन सक्नेछ।

६२. **नियम बनाउने अधिकारः** (१) यस ऐनको कार्यान्वयनको लागि सभाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

६३. **विनियम बनाउन सक्ने:** (१) यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सभाले कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धमा आवश्यक विनियमहरू बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम विनियम बनाउँदा नेपाल सरकारलाई आर्थिक व्ययभार पर्ने भएमा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

६४. **खारेजी र बचाउ:** (१) मेडिकल कलेज पूर्वाधार निर्माण विकास सिमित (गठन) आदेश,२०७१ खारेज गरिएको छ।

(२) यो ऐन प्रारम्भ भएपछि मेडिकल कलेज पूर्वाधार निर्माण विकास समितिको सम्पूर्ण सम्पत्ति र दायित्व विश्वविद्यालयमा सर्नेछ।

(३) मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति (गठन) आदेश,२०७१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(४) यस ऐन बमोजिम विश्वविद्यालयका पदाधिकारी नियुक्त भई विश्वविद्यालयको कार्यक्रम सञ्चालनमा नआएसम्म यो ऐन प्रारम्भ हुँदाका बखत सञ्चालनमा रहेको स्वास्थ्य सेवाको निरन्तरता तथा जनशक्तिका सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ।

## शहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य विज्ञान विश्वविद्यालय सम्बन्धी विधेयक तर्जुमा सम्बन्धी अवधारणा पत्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

१. नयाँ ऐन बनाउनु पर्ने आवश्यकता :

**(क) संवैधानिक कारण :** नेपालको संविधानको धारा ५१ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत (१) मा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने नीति रहेको साथै नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको र यस अनुसार मुलुकका प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने साथै प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने दायित्व राज्यको हुने सन्दर्भमा उल्लिखित संवैधानिक दायित्व निर्वाह गर्न शहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य शिक्षा विज्ञान विश्वविद्यालय स्थापना गर्नुपर्ने भएको ।

**(ख) अन्तराष्ट्रिय दायित्व :** नेपालले अन्तराष्ट्रियस्तरमा विभिन्न अवसरमा स्वास्थ्य र शिक्षाका क्षेत्रमा प्रतिबद्धता जनाएका कारण सृजना भएको दायित्व निर्वाह गर्नुपर्ने भएको ।

**(ग) सर्वोच्च अदालतको फैसला :** छैन ।

**(घ) सरकारको नीति तथा कार्यक्रम :** मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति गठन आदेश, २०७१ अनुसार विकास समिति गठन भै कलेज, शिक्षण अस्पताल, छात्रावास लगायतका आवश्यक भौतिक संरचना निर्माण भै रहेको । विगत वर्षहरूदेखि नै उक्त समितिको नाममा कानूनी संरचना निर्माण गरी सञ्चालन गर्न बजेटको व्यवस्था गरिएको छ।

**(ङ) अन्य कुनै कारण :** मेडिकल शिक्षाको विकास र विस्तार गरी विज्ञान र प्रविधिको क्षेत्रमा देशभित्रै सक्षम र सवल मानव संशाधनको विकास गरि स्वास्थ्य शिक्षाका विभिन्न विषयहरूमा अध्ययन, अध्यापन र अनुसन्धानद्वारा गुणस्तरीय शिक्षाको अवसर सबै क्षेत्रका नागरिकलाई सुलभ रूपमा उपलब्ध गराई राष्ट्रिय विकासमा दक्ष जनशक्तिको आपूर्ति गर्ने प्रयोजनका लागि नेपाल सरकारको अग्रसरतामा शहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य शिक्षा विज्ञान विश्वविद्यालय स्थापना र सञ्चालनका निमित्त नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७९।१०।२९ को निर्णय अनुसार सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला गेदावरी नगरपालिका वडा न ५ गेटामा शहिद दशरथ चन्द राष्ट्रिय स्वास्थ्य शिक्षा विज्ञान विश्वविद्यालय स्थापना तथा संचालन गर्ने सम्बन्धी संलग्न अवधारणापत्र बमोजिम आवश्यक कार्यप्रक्रिया अगाडी बढाउन सैद्धान्तिक स्वीकृति प्राप्त भएको ।

२. **नयाँ ऐन बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धि :** गुणस्तरीय स्वास्थ्य विज्ञान सम्बन्धी शिक्षा एवम् विशेषज्ञ सेवा सहितको गुणस्तरीय स्वास्थ्य सेवाको बिस्तार हुने ।

प्रमिलादेवी बज्राचार्य
सचिव

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

३. प्रस्तावित विषयमा मौजुदा कानून भए :

(क) ऐनको नाम : नभएको ।

(ख) नियमावलीको नाम : नभएको ।

(ग) गठन आदेशको नाम: मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति गठन आदेश,२०७१

४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारण : छुट्टै कानून आवश्यक भएको ।

५. प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको हो

(क) तार्किक पद्धति (Rational Method) : छ ।

(ख) बढोत्तरी पद्धति (Incremental Method) : छ ।

(ग) मिश्रित पद्धति (Mix Method) : छ ।

६. नीति निर्माणमा संलग्न प्रमुख पदाधिकारी : सहसचिव कमल प्रसाद पोखरेल

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनेको वा कुनै अन्तराष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नाम : थाहा नभएको ।

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भइ कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोरा : नभएको ।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभार: नेपाल सरकारको लगानीमा स्थापना गरिने भएकोले नेपाल सरकारले सालवसाली बजेट विनियोजन गर्नुपर्ने भएको ।

१०. प्रस्तावित कानून कार्यन्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्ने : आवश्यक पर्ने ।

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएको: नभएको ।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरू :

(क) विश्वविद्यालयको स्थापना ।

(ख) विश्वविद्यालयको संगठन तथा शासकीय प्रबन्ध ।

(ग) विश्वविद्यालयको पदाधिकारी र काम, कर्तव्य र अधिकार ।

(घ) सभा, कार्यकारी परिषद् र प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ।

(ङ) विश्वविद्यालयको पदपूर्ति समिति सम्बन्धी व्यवस्था ।

(च) विश्वविद्यालयको कोष तथा लेखा परीक्षण सम्बन्धी व्यवस्था ।

(छ) विश्वविद्यालयको पाठ्यक्रम, मूल्याङ्कन तथा उपाधि सम्बन्धी व्यवस्था ।

(ज) अन्य विविध व्यवस्था ।

प्रमिलादेवी बज्राचार्य
सचिव